# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना, सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फ सहायकस्तर चौथो तहका पदहरूको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. २३३/२०८१-०८२, मिति २०८१/१०/२८ गते सोमवार**

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा (खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.p1.gov.np मार्फत आवेदन दिनु पर्नेछ।

**क. प्राविधिक तर्फः**

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ४००१/२०८१-०८२ | खुला | असिस्टेन्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जिनियरिङ/सिभिल | २५ |
| २ | ४००२/२०८१-०८२ | आ.ज. | असिस्टेन्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जिनियरिङ/सिभिल | ७ |
| ३ | ४००३/२०८१-०८२ | महिला | असिस्टेन्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जिनियरिङ/सिभिल | ६ |
| ४ | ४००४/२०८१-०८२ | दलित | असिस्टेन्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| ५ | ४००५/२०८१-०८२ | थारु | असिस्टेन्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| ६ | ४००६/२०८१-०८२ | मधेसी | असिस्टेन्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| ७ | ४००७/२०८१-०८२ | मुस्लिम | असिस्टेन्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| ८ | ४००८/२०८१-०८२ | अपाङ्ग | असिस्टेन्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| ९ | ४००९/२०८१-०८२ | खुला | खा.पा.स.टे. | ४ | स्थानीय इन्जिनियरिङ/ सिभिल/स्यानिटरी | २ |
| १० | ४०१०/२०८१-०८२ | आ.ज. | खा.पा.स.टे. | ४ | स्थानीय इन्जिनियरिङ/ सिभिल/स्यानिटरी | १ |
| ११ | ४०११/२०८१-०८२ | खुला | अमिन | ४ | स्थानीय इन्जिनियरिङ/सर्भे | ४ |
| १२ | ४०१२/२०८१-०८२ | आ.ज. | अमिन | ४ | स्थानीय इन्जिनियरिङ/सर्भे | १ |
| १३ | ४०१३/२०८१-०८२ | महिला | अमिन | ४ | स्थानीय इन्जिनियरिङ/सर्भे | १ |
| १४ | ४०१४/२०८१-०८२ | दलित | अमिन | ४ | स्थानीय इन्जिनियरिङ/सर्भे | १ |
| १५ | ४०१५/२०८१-०८२ | खुला | जुनियर फोरम्यान | ४ | प्रदेश इन्जिनियरिङ/मेकानिकल/जनरल मेकानिकल | १ |
| १६ | ४०१६/२०८१-०८२ | आ.ज. | एशोसियसन अर्गनाइजर | ४ | प्रदेश इन्जिनियरिङ/एग्री इरिगेसन इन्जिनियरिङ | १ |
| १७ | ४०१७/२०८१-०८२ | महिला | एशोसियसन अर्गनाइजर | ४ | प्रदेश इन्जिनियरिङ/एग्री इरिगेसन इन्जिनियरिङ | १ |
| १८ | ४०१८/२०८१-०८२ | खुला | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/कृषि प्रसार | ११ |
| | | | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/बाली संरक्षण | २ |
| १९ | ४०१९/२०८१-०८२ | आ.ज. | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/कृषि प्रसार | ३ |
| | | | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/बाली संरक्षण | १ |
| २० | ४०२०/२०८१-०८२ | महिला | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/कृषि प्रसार | ३ |
| २१ | ४०२१/२०८१-०८२ | दलित | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| २२ | ४०२२/२०८१-०८२ | थारु | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| २३ | ४०२३/२०८१-०८२ | खुला | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | स्थानीय कृषि/भेटेरिनरी | १४ |
| | | | नायव पशु सेवा प्राविधिक | ४ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | ७ |
| | | | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/फिसरिज | १ |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| २४ | ४०२४/२०८१-०८२ | आ.ज. | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | प्रदेश कृषि/भेटेरिनरी | १ |
| | | | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | स्थानीय कृषि/भेटेरिनरी | ४ |
| | | | नायव पशु सेवा प्राविधिक | ४ | प्रदेश कृषि/ला.पो.एण्ड डे.डे. | १ |
| | | | नायव पशु सेवा प्राविधिक | ४ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | २ |
| २५ | ४०२५/२०८१-०८२ | महिला | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | स्थानीय कृषि/भेटेरिनरी | ३ |
| | | | नायव पशु सेवा प्राविधिक | ४ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | २ |
| २६ | ४०२६/२०८१-०८२ | दलित | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | स्थानीय कृषि/भेटेरिनरी | १ |
| | | | नायव पशु सेवा प्राविधिक | ४ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | १ |
| २७ | ४०२७/२०८१-०८२ | थारु | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | स्थानीय कृषि/भेटेरिनरी | १ |
| २८ | ४०२८/२०८१-०८२ | खुला | फरेष्टर | ४ | प्रदेश वन/जनरल फरेष्ट्री | ६ |
| २९ | ४०२९/२०८१-०८२ | आ.ज. | फरेष्टर | ४ | प्रदेश वन/जनरल फरेष्ट्री | २ |
| ३० | ४०३०/२०८१-०८२ | महिला | फरेष्टर | ४ | प्रदेश वन/जनरल फरेष्ट्री | २ |
| ३१ | ४०३१/२०८१-०८२ | दलित | फरेष्टर | ४ | प्रदेश वन/जनरल फरेष्ट्री | १ |
| ३२ | ४०३२/२०८१-०८२ | खुला | अ.हे.ब. | ४ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ६ |
| | | | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ७१ |
| | | | कोल्ड चेन असिष्टेन्ट | ४ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| ३३ | ४०३३/२०८१-०८२ | आ.ज. | अ.हे.ब. | ४ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | २ |
| | | | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | २० |
| | | | कोल्ड चेन असिष्टेन्ट | ४ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| ३४ | ४०३४/२०८१-०८२ | महिला | अ.हे.ब. | ४ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | २ |
| | | | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १८ |
| | | | कोल्ड चेन असिष्टेन्ट | ४ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| ३५ | ४०३५/२०८१-०८२ | दलित | अ.हे.ब. | ४ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| | | | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ४ |
| ३६ | ४०३६/२०८१-०८२ | थारु | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ३ |
| ३७ | ४०३७/२०८१-०८२ | मधेसी | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ३ |
| ३८ | ४०३८/२०८१-०८२ | मुस्लिम | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ३ |
| ३९ | ४०३९/२०८१-०८२ | अपाङ्ग | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | २ |
| ४० | ४०४०/२०८१-०८२ | खुला | अ.न.मी. | ४ | प्रदेश स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री नर्सिङ | ४ |
| | | | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री नर्सिङ | ७७ |
| ४१ | ४०४१/२०८१-०८२ | आ.ज. | अ.न.मी. | ४ | प्रदेश स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री नर्सिङ | १ |
| | | | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री नर्सिङ | २१ |
| ४२ | ४०४२/२०८१-०८२ | महिला | अ.न.मी. | ४ | प्रदेश स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री नर्सिङ | १ |
| | | | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री नर्सिङ | १९ |
| ४३ | ४०४३/२०८१-०८२ | दलित | अ.न.मी. | ४ | प्रदेश स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री नर्सिङ | १ |
| | | | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री नर्सिङ | ४ |
| ४४ | ४०४४/२०८१-०८२ | थारु | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री नर्सिङ | ३ |
| ४५ | ४०४५/२०८१-०८२ | मधेसी | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री नर्सिङ | ३ |
| ४६ | ४०४६/२०८१-०८२ | मुस्लिम | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री नर्सिङ | ३ |
| ४७ | ४०४७/२०८१-०८२ | अपाङ्ग | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री नर्सिङ | २ |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| ४८ | ४०४८/२०८१-०८२ | खुला | वैद्य | ४ | प्रदेश स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | ५ |
| | | | वैद्य | ४ | स्थानीय स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | २ |
| ४९ | ४०४९/२०८१-०८२ | आ.ज. | वैद्य | ४ | प्रदेश स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | २ |
| | | | वैद्य | ४ | स्थानीय स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | १ |
| ५० | ४०५०/२०८१-०८२ | महिला | वैद्य | ४ | प्रदेश स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | १ |
| | | | वैद्य | ४ | स्थानीय स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | १ |
| ५१ | ४०५१/२०८१-०८२ | दलित | वैद्य | ४ | प्रदेश स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | १ |
| ५२ | ४०५२/२०८१-०८२ | खुला | ल्याब असिस्टेन्ट | ४ | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | १ |
| | | | ल्याब असिस्टेन्ट | ४ | स्थानीय स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | ८ |
| ५३ | ४०५३/२०८१-०८२ | आ.ज. | ल्याब असिस्टेन्ट | ४ | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | १ |
| | | | ल्याब असिस्टेन्ट | ४ | स्थानीय स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | २ |
| ५४ | ४०५४/२०८१-०८२ | महिला | ल्याब असिस्टेन्ट | ४ | स्थानीय स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | २ |
| ५५ | ४०५५/२०८१-०८२ | दलित | ल्याब असिस्टेन्ट | ४ | स्थानीय स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | १ |

**ख. अप्राविधिक तर्फ**

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ४५०१/२०८१-०८२ | खुला | खरिदार | ४ | प्रदेश प्रशासन/सामान्य प्रशासन | ८ |
| | | | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ४१ |
| | | | सह लेखापाल | ४ | प्रदेश प्रशासन/लेखा | १३ |
| | | | सह लेखापाल | ४ | स्थानीय प्रशासन/लेखा | २ |
| २ | ४५०२/२०८१-०८२ | आ.ज. | खरिदार | ४ | प्रदेश प्रशासन/सामान्य प्रशासन | १ |
| | | | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ११ |
| | | | सह लेखापाल | ४ | प्रदेश प्रशासन/लेखा | ४ |
| | | | सह लेखापाल | ४ | स्थानीय प्रशासन/लेखा | १ |
| ३ | ४५०३/२०८१-०८२ | महिला | खरिदार | ४ | प्रदेश प्रशासन/सामान्य प्रशासन | २ |
| | | | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | १० |
| | | | सह लेखापाल | ४ | प्रदेश प्रशासन/लेखा | ३ |
| | | | सह लेखापाल | ४ | स्थानीय प्रशासन/लेखा | १ |
| ४ | ४५०४/२०८१-०८२ | दलित | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | २ |
| | | | सह लेखापाल | ४ | प्रदेश प्रशासन/लेखा | १ |
| ५ | ४५०५/२०८१-०८२ | थारु | खरिदार | ४ | प्रदेश प्रशासन/सामान्य प्रशासन | १ |
| | | | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | २ |
| | | | सह लेखापाल | ४ | प्रदेश प्रशासन/लेखा | १ |
| ६ | ४५०६/२०८१-०८२ | मधेसी | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | २ |
| ७ | ४५०७/२०८१-०८२ | मुस्लिम | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | २ |
| ८ | ४५०८/२०८१-०८२ | अपाङ्ग | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | १ |
| ९ | ४५०९/२०८१-०८२ | खुला | सहायक महिला विकास निरीक्षक | ४ | स्थानीय प्रशासन/विविध/महिला विकास | ४ |
| १० | ४५१०/२०८१-०८२ | आ.ज. | सहायक महिला विकास निरीक्षक | ४ | स्थानीय प्रशासन/विविध/महिला विकास | २ |
| ११ | ४५११/२०८१-०८२ | महिला | सहायक महिला विकास निरीक्षक | ४ | स्थानीय प्रशासन/विविध/महिला विकास | १ |
| १२ | ४५१२/२०८१-०८२ | दलित | सहायक महिला विकास निरीक्षक | ४ | स्थानीय प्रशासन/विविध/महिला विकास | १ |

**परीक्षाको किसिमः-** लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता।

**लिखित परीक्षा कार्यक्रमः-**

**क. प्राविधिक तर्फः**

| क्र. सं. | सेवा/समूह/उपसमूह | तह | पद | परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १ | इन्जिनियरिङ/ सिभिल | ४ | असिस्टेन्ट सब इन्जिनियर | २०८२/१/२० गते बिहानको ७:३० बजे | २०८२/२/३१ गते दिनको २:०० बजे |
| २ | इन्जिनियरिङ/ सिभिल/ स्यानिटरी | ४ | खा.पा.स.टे. | २०८२/१/२१ गते बिहानको ७:३० बजे | २०८२/२/२५ गते दिनको २:०० बजे |
| ३ | इन्जिनियरिङ/सर्भे | ४ | अमिन | २०८२/१/२२ गते बिहानको ७:३० बजे | २०८२/२/२६ गते दिनको २:०० बजे |
| ४ | इन्जिनियरिङ/मेकानिकल/जनरल मेकानिकल | ४ | जुनियर फोरम्यान | २०८२/१/२३ गते बिहानको ७:३० बजे | २०८२/२/२७ गते दिनको २:०० बजे |
| ५ | इन्जिनियरिङ/एग्री इरिगेसन इन्जिनियरिङ | ४ | एशोसियसन अर्गनाइजर | २०८२/१/२४ गते बिहानको ७:३० बजे | २०८२/२/२८ गते दिनको २:०० बजे |
| ६ | कृषि/कृषि प्रसार, बाली संरक्षण | ४ | नायव प्राविधिक सहायक | २०८२/१/२५ गते बिहानको ७:३० बजे | २०८२/२/२४ गते दिनको २:०० बजे |
| ७ | कृषि/भेटेरिनरी, ला.पो.एण्ड डे.डे., फिसरिज | ४ | नायव पशु स्वास्थ्य प्राविधिक/नायव पशु सेवा प्राविधिक/नायव प्राविधिक सहायक | २०८२/१/२६ गते बिहानको ७:३० बजे | २०८२/२/२९ गते दिनको २:०० बजे |
| ८ | वन/जनरल फरेष्ट्री | ४ | फरेष्टर | २०८२/१/२८ गते बिहानको ७:३० बजे | २०८२/३/१ गते दिनको २:०० बजे |
| ९ | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ४ | अ.हे.ब./कोल्ड चेन असिष्टेन्ट | २०८२/१/२७ गते बिहानको ७:३० बजे | २०८२/३/७ गते दिनको २:०० बजे |
| १० | स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री नर्सिङ | ४ | अ.न.मी. | २०८२/१/२९ गते बिहानको ७:३० बजे | २०८२/३/३ गते दिनको २:०० बजे |
| ११ | स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | ४ | वैद्य | २०८२/१/३० गते बिहानको ७:३० बजे | २०८२/३/५ गते दिनको २:०० बजे |
| १२ | स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | ४ | ल्याब असिस्टेन्ट | २०८२/१/३१ गते बिहानको ७:३० बजे | २०८२/३/९ गते दिनको २:०० बजे |

**ख. अप्राविधिक तर्फः**

| क्र.सं. | सेवा/समूह/उपसमूह | तह | पद | परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १ | प्रशासन/सामान्य प्रशासन,लेखा | ४ | खरिदार/सह लेखापाल | २०८२/२/३ गते बिहानको ७:३० बजे | २०८२/३/१४ गते दिनको २:०० बजे |
| २ | प्रशासन, विविध, महिला विकास | ४ | सहायक महिला विकास निरीक्षक | २०८२/२/१ गते बिहानको ७:३० बजे | २०८२/३/१२ गते दिनको २:०० बजे |

**परीक्षा केन्द्रः-** प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर

**परीक्षा दस्तुरः-**

| तह | दरखास्त दस्तुर | एकै सेवा/समूहको पदका किसिम वा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि |
|---|---|---|
| चौथो | रु. ५००।- | रु. १५०।- |

**दरखास्त दिने अन्तिम मितिः** २०८१/११/१८ गते र दोब्बर दस्तुर तिरी २०८१/११/२५ गतेसम्म।

**दरखास्त दस्तुर बुझाउने स्थान र विधिः** दरखास्त दस्तुर आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा मास्टर आइडी (Master ID) र कारोवार संकेत नं. उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएको बैङ्कबाट नगद समेत बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः** २०८१/११/२६ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य बुझाइसक्नु पर्नेछ।

**दरखास्तको माध्यमः** खुला तथा समावेशी तर्फ विज्ञापित सबै पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन मार्फत दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण psconline.p1.gov.np बाट हेर्न सकिने छ।

**उम्मेदवारको उमेरको हदः** २०८१/११/१८ गतेसम्म १८ बर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० बर्ष ननाघेको ।स्वास्थ्य सेवाको हकमा १८ बर्ष उमेर पूरा भई ४५ बर्ष ननाघेको। निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको स्थायी कर्मचारीहरूको हकमा उमेरको हद लाग्ने छैन।

**पेश गर्नुपर्ने कागजातहरुः** उम्मेदवारले न्यूनतम शैक्षिक योग्यता, तालिम, अनुभव, द्रष्टव्यको (क) बमोजिमको प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ ।सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको दुवै भाग स्क्यान गरी JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ।
**दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जिम्मेवार र जवाफदेही हुनुपर्नेछ।**

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा समूहको पदलाई तोकिएका कार्य।

तलवः तोकिए बमोजिम।

## आवश्यक न्यूनतम शैक्षिक योग्यताः

**खुला तथा समावेशी प्रतियोगिताको लागिः**

१. **असिस्टेन्ट सब इन्जिनियर, तह ४, इन्जिनियरिङ सेवा, सिभिल समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उतीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टि.एस.एल.सी. उतीर्ण।

२. **खा.पा.स.टे., तह ४, इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा एस.इ.इ. वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा कम्तिमा एक महिनाको तालिम प्राप्त वा सम्बन्धित विषयमा दुई वर्षको अनुभव प्राप्त।

३. **अमिन, तह ४, इन्जिनियरिङ सेवा, सर्भे समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्वे वा जियोमेटिक्स विषयमा कम्तिमा एक वर्षको तालिम प्राप्त गरेको।

४. **जुनियर फोरम्यान, तह ४, इन्जिनियरिङ सेवा, मेकानिकल इन्जिनियरिङ समूह, जनरल मेकानिकल इन्जिनियरिङ उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट टि.एस.एल.सी. वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित इन्जिनियरिङ्ग विषयमा तालिम वा एक बर्षको अनुभव प्राप्त।

५. **एशोसियसन अर्गनाइजर, तह ४, इन्जिनियरिङ सेवा, एग्री इरिगेसन इन्जिनियरिङ समूहः** मान्यताप्रप्त शिक्षण संस्थाबाट टि.एस.एल.सी. वा एस.एल.सी.वा एस.इ.इ. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त।

६. **नायव प्राविधिक सहायक, तह ४, कृषि सेवा, कृषि प्रसार समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट जे.टी.ए. (कृषि विज्ञान) विषयमा कम्तिमा एक बर्षको तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी उत्तीर्ण ।

७. **नायव प्राविधिक सहायक, तह ४, कृषि सेवा, बाली संरक्षण समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट जे.टी.ए. (कृषि विज्ञान) विषयमा कम्तिमा एक बर्षको तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी उत्तीर्ण ।

८. **नायव पशु स्वास्थ्य प्राविधिक, तह ४, कृषि सेवा, भेटेरिनरी समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई स्टक सुपरभाइजर विषयमा कम्तिमा एक बर्षको तालिम प्राप्त वा जे.टी.ए. (पशु विज्ञान) विषयमा कम्तिमा एक बर्षको तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण।

९. **नायव पशु सेवा प्राविधिक, तह ४, कृषि सेवा, ला.पो.एण्ड डे.डे समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई स्टक सुपरभाइजर विषयमा कम्तिमा एक बर्षको तालिम प्राप्त वा जे.टी.ए. (पशु विज्ञान) विषयमा कम्तिमा एक बर्षको तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण।

१०.**नायव प्राविधिक सहायक, तह ४, कृषि सेवा, फिसरिज समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई जे.टि.ए. पशु विज्ञान विषयमा कम्तिमा एक बर्षको तालिम प्राप्त वा कृषि विषय लिई टी.एस.एल.सी. उत्तीर्ण।

११.**फरेष्टर, तह ४, वन सेवा, जनरल फरेष्ट्री समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा एस.इ.इ. वा सो सरह उत्तीर्ण गरी नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट वन सम्बन्धी तह दुईको सिप परीक्षा उत्तीर्ण गरेको।

१२.**अ.हे.ब., तह ४, स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्ष उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१३.**कोल्ड चेन असिस्टेन्ट, तह ४, स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्ष उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१४.**अ.न.मी., तह ४, स्वास्थ्य सेवा, नर्सिङ समूह, मिडवाइफ्री नर्सिङ उपसमूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१५.**वैद्य, तह ४, स्वास्थ्य सेवा, आयुर्वेद समूह, जनरल आयुर्वेद उपसमूहः** मान्यताप्राप्त शिक्षणसंस्थाबाट एस.एल.सी/एस.इ.इ. पश्चात एक वर्षको सहायक आयुर्वेद स्वास्थ्य कार्यकर्ता (AAHW) कोर्ष उतीर्ण गरी आयुर्वेद चिकित्सा परिषद्, नेपालमा नाम दर्ता तथा नवीकरण भएको।

१६.**ल्याब असिस्टेन्ट, तह ४, स्वास्थ्य सेवा, मेडिकल ल्याब टेक्नोलोजी समूह, जनरल ल्याब टेक्नोलोजी उपसमूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याब विषयमा टी. एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको ।

१७.**खरिदार, तह ४, प्रशासन सेवा, सामान्य प्रशासन समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण।

१८.**सह लेखापाल, तह ४, प्रशासन सेवा, लेखा समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन स्रेस्ता वा ऐच्छिक लेखा विषय लिई प्रवेशिका परीक्षा (एस.एल.सी.)/एस.इ.इ. वा सो सरह उत्तीर्ण।

१९.**सहायक महिला विकास निरीक्षक, तह ४, प्रशासन सेवा, विविध समूह, महिला विकास उपसमूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण।

**नोटः ग्रेडिङ प्रणाली लागु भए पश्चात प्रवेशिका (एस.एल.सी) परीक्षा उतिर्ण गर्ने उम्मेदवारहरूको हकमा GPA 2 वा सो भन्दा माथीको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हासिल गरेको मानिनेछ।**

**खुला तथा समावेशी परीक्षाको लागि सूचनाः**

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १६ र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ बमोजिम योग्य भएको हुनु पर्नेछ।

२. खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ्ग) मिति र समयमा हुनेछ।

३. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।

४. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

५. सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा/समूह/उपसमूह र कार्यालयको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

**अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशनः**

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू दरखास्त साथ पेश गर्नु पर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भएपछि अन्तर्वार्ता दिन आँउदा त्यस्ता कागजातहरूको सक्कल सहित नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

क) **आदिवासी/जनजातिका हकमाः** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

ख) **दलितका हकमाः** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

ग) **थारुका हकमाः** थारु आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर थारु आयोगबाट सूचीकृत नभएसम्मको लागि र सूचीकृत भएका जातिभित्र पनि एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

घ) **मधेशीका हकमाः** नेपाल सरकारले नेपाल राजपत्रमा वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्र वा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

ङ) **मुस्लिमका हकमाः** राष्ट्रिय मुस्लिम आयोगबाट सूचीकृत भएको मुस्लिम समूदायको हकमा सोहि सूचीको आधारमा, तर राष्ट्रिय मुस्लिम आयोगबाट सूचिकृत नभएसम्मको लागि र सूचिकृत भएको जातिको हकमा पनि एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

च) **अपाङ्गता भएका व्यक्तिको हकमाः** प्रचलित कानून बमोजिमको अपाङ्गता परिचयपत्र दरखास्तसाथ पेश गर्नु पर्नेछ।

**नोटः प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १० बमोजिमको सुविधा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (४) तथा प्रदेश निजामती सेवा नियमावली २०८१ को नियम २१ को उपनियम (४) साथै स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १० को उपदफा (२) अनुसार एक व्यक्तिले सहायकस्तर तह र अधिकृतस्तर तहमा सेवा अवधिभरमा एक पटक मात्र लिन पाउनेछ।**

**द्रष्टव्यः**

**क) स्वास्थ्य सेवा तर्फका सम्पूर्ण पदहरूमा दरखास्त दिन सम्बन्धित व्यावसायिक परिषद्‌मा दर्ता भई व्यवसाय अनुमति प्रमाणपत्र प्राप्त गरी म्याद कायम भएको हुनु पर्नेछ।**

ख) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने सिङ्गल दस्तुरको अन्तिम मितिसम्ममा न्यूनतम अवधि पूरा भएको हुनु पर्नेछ।

ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

**घ) समान तहको पदमा उम्मेदवार हुन पाउने व्यवस्था नभएकोले त्यस्तो उम्मेदवारको दरखास्त जुनसुकै वेला रद्द हुनेछ ।**

**ङ) महिला विकास तर्फका पदहरूका लागि महिला मात्र उम्मेदवार हुन पाउनेछन।**

च) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

छ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

ज) दरखास्त दिने अन्तिम मिति (२०८१/११/१८ गते) भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्तसाथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसकेका उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्टयाइ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै बर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

झ) उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा समूहको क्लस्टरमा अनिवार्य रुपले संकेत गर्नुपर्नेछ।

ञ) उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। **उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोवाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवार परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ।**

**ट) विज्ञापन नम्बर र परीक्षा केन्द्र फरक विवरण छनोट भएको अवस्थामा संशोधन सुनिश्चित गर्न आयोग वाध्य हुने छैन।**

ठ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ड) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिने छ।

ढ) पाठ्यक्रम आयोगको वेबसाइट psc.koshi.gov.np बाट प्राप्त गर्न सकिने छ।